# १३ क्रुसमा टाँगिनुभएको र पुनरुत्थान हुनुभएको येशू

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति ३:१-६, लूका २२:३९-४६, २ कोरन्थी १३:८, लूका २२:५३, मत्ती १२:३०, १ कोरन्थी १५:१४।
*मनमा राख्नुपर्ने मुख्य पद:* "मानिसको पुत्रलाई पापी मानिसहरूको हातमा सुम्पिनै पर्छ। उनलाई क्रुसमा काँटीले ठोक्नै पर्छ। अनि तिन दिन पछि उनी मृत्युबाट बौरि उठ्नेछ।" (लूका २४:७ रूपान्तरित)।

परम पिता परमेश्वरको इच्छा पालन गर्न यस संसारमा उहाँ आउनुभएको थियो भनेर बालककालदेखि नै उहाँलाई थिहा थियो (लूका २:४१-५०)। उहाँले शिक्षादीक्षा दिनुभयो, उहाँले बिरामीहरूलाई निको पार्नुभयो, र निरन्तररूपमा कहिलै पनि नचुकि बफादारीकासाथ पिताको वचनलाई शिरोपर गर्दै सेवाकार्य गर्नुभयो। अब उहाँको अन्तको समय आएको थियो। आफ्ना चेलाहरूसँग अन्तिम खाना अर्थात् प्रभु भोज खाएपछि उहाँ एक्लै हिँड्नुभयो। छिट्टै उहाँको बिरुद्धमा अन्तर्घात गरिनेछ र उहाँलाई इन्कार गरिने छ। उहाँको बिरुद्धमा मुद्दा चलाइनेछ र उहाँलाई क्रुसमा टाँगिनेछ। उहाँलाई गाडिनेछ तर मृत्युमाथि बिजय प्राप्त गरेर उहाँ बौरिनुहुनेछ।

आफ्नो जीवनकालभरि येशूलाई यो थाहा थियो कि उनी क्रुसमा मर्नैपर्छ। येशूले आफ्नो कष्ट र मृत्युसँग गाँसिएर छलफल गर्नुहुँदा सुसमाचारका पुस्तकहरूमा धेरै पल्ट "पर्छ" भन्ने शव्द प्रयोग गर्नुभएको थियो (लूका १७:२५, लूका २२:३७, लूका २४:७ मत्ती १६:२१, मर्कूस ८:३१, मर्कूस ९:१२ र यूहन्ना ३:१४)। उहाँ यरुशलेममा जानै पर्छ। उहाँले महाकष्ट भोग्नै पर्छ। उहाँलाई अश्वीकार गर्नै पर्छ। उहाँ उचलिनु नै पर्छ आदि। गलगथामा जान परमेश्वरको पुत्रलाई कसैले रोक्न सक्दैन। क्रुसलाई पन्छाउन शैतानको सुझावलाई स्वीकार गर्न उहाँले अश्वीकार गर्नुभएको थियो (मत्ती १६:२५)। उहाँले यो निसंकोच मानेर विश्वास गर्नुभएको थियो कि उहाँ "जानु नै पर्छ...महाकष्ट भोग्नै

पर्छ...मारिनै पर्छ र बौरि उठ्नै पर्छ" (पद २१ रूपान्तरित)। येशूको निम्ति क्रुसतिरको यात्रा गर्ने कि नगर्ने भन्ने थिएन बरू गर्नैं पर्छ थियो (लूका २४:२५,२६,४६)। युगौं युगदेखि पुस्तौं पुस्तासम्म लुकाइराखेको यो परमेश्वरको रहस्य थियो अब उहाँका जनहरूलाई खुलाइदिएको थियो (कलस्सी १:२६)।

## १. गेतसमनीः भयानक संघर्षको थलो (लूका २२:३९-४६)

संसारको इतिहासको सुरूमा परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभएर एक रमणीय र सुन्दर बगैंचामा राखीदिनुभएको थियो। तिनीहरूको आनन्दमय जीवन व्यतित गर्न बगैचामा तिनीहरूलाई आवश्यक भएका सबै थोकहरूले भरिपूर्ण थियो। तर छिट्टै त्यहाँ असधारण अप्रिय घट्ना भयो। तिनीहरूको जीवनमा शैतान देखापरे (उत्पत्ति ३)। उसले पहिलो जोडिलाई प्रलोभनमा फसायो र असल र खराबको बीचमा हुने महान् युद्धमा तिनीहरूलाई समावेश गराइयो। त्यो युद्ध परमेश्वर र शैतानको बीचमा थियो।

अब परमेश्वरले आफ्नै समयमा अर्को बगैंचा (लूका २२:३९-४६) युद्ध मैदान हुन पुगेको थियो। त्यो युद्ध मैदानमा सत्य र असत्यको बीचमा, धर्म र पापको बीचमा र मानिसलाई उद्धार गर्ने परमेश्वरको योजना र मानिसलाई सत्यानाश गर्ने शैतानको लक्ष्यको बीचमा युद्ध चलेको थियो।

पापको भयानक नतिजाले यस संसारलाई तहस नहस पारेको थलो अदनको बगैंचा थियो। तर गेतसमनीको बगैचामा विश्वको महान् युद्धको निर्णायक भुमिका खेल्न पुगेको थियो जहाँ पापमाथी बिजय पाउने सुनिश्चित भएको थियो। स्वार्थको कारणले अदनको बगैंचामा परमेश्वरको खिलाफमा बिद्रोह मच्चाएको थियो। येशूले आफ्नो जीवनलाई परमेश्वरमा सुम्पेर पापमाथी बिजयको घन्कार गेतसमनीमा उठाएको थियो।

दुवै अदन र गेतसमनीको बगैंचामा भएको घट्नाहरूलाई तुलनात्मक रूपमा हेर्नुहोस्। ती दुई बगैंचामा जे भयो त्यसमा ठूलो भिन्नता के थियो, सो सोच्नुहोस्। अदनमा " १ परमप्रभु परमेश्वरले

बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।" (उत्पत्ति ३:१-७), गेतसमनीमा "३९ बाहिर निस्केर सदाझैं उहाँ जैतून डाँड़ामा जानुभयो, र उहाँका चेलाहरू पनि पछिपछि लागे। ४० त्यस ठाउँमा पुगेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू प्रार्थना गरिरहो, र परीक्षामा नपर।" ४१ उहाँ तिनीहरूबाट प्रायः तीस मिटर पर गएर घुँड़ा टेकी प्रार्थना गर्नुभयो, ४२ "हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस्। तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्।" ४३ तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे। ४४ अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसीना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए। ४५ प्रार्थनाबाट उठेर चेलाहरूकहाँ आउनुहुँदा उहाँले तिनीहरूलाई शोकले गर्दा निदाइरहेका भेट्टाउनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन निदाइरहेका छौ? उठ र परीक्षामा नपर्नलाई प्रार्थना गर।" (लूका २२:३९-४६)।

**दुई उल्लेखनीय तत्वहरूको निम्ति गेतसमनी धरोहर जस्तो खडा भएको छः (१) येशूलाई परमेश्वरको काम र लक्ष्यबाट बिचलित पार्न**

शैतानको अथक प्रयास र (२) परमेश्वरको इच्छा पूरा गर्न र उहाँको योजनालाई सम्पन्न गर्न चाहिने परमेश्वरको शक्तिको निम्ति अत्यन्त महान् आदर्शको औजार नै प्रार्थना भएको देखाइएको थियो। जीवनमा आउने युद्ध वा  संघर्ष अत्यन्त प्रतिस्पर्धात्मक र बलियो छ, र मानवता अत्यन्त कमजोर छ भनेर गेतसमनीले खुलाएको थियो। तर प्रार्थनाको बललाई अनुभव गर्नेहरूको निम्ति बिजय सुनिश्चित छ भनेर गेतसमनीमा देखाएको थियो। त्यसबखत येशूले अत्यन्त प्रख्यात प्रार्थना गर्नुभएको थियो "तर तपाईं (पिता)को इच्छा अनुसार होस्, मेरो (येशूको) चाहना अनुसार होइन" (लूका २२:४२ रूपान्तरित)।

गेतसमनीको युद्ध मैदानमा शैतानका सबै शैनिकहरू येशूको बिरुद्धमा खनिएका थिए। येशूले अनि प्रेम गर्नुभएका चेलाहरूले त्यहाँ भएको संघर्ष र येशूको महाकष्टलाई तत्काल बुझ्न सकेको थिएन। उहाँलाई अन्तर्घात गर्ने धोकेवाज यहूदाले येशूलाई चुम्मा गर्न उहाँको सामु खडा भएको थियो। पुजारीहरू र मन्दिरका सुरक्षाकर्मीहरू येशूलाई पक्रन तयार थियो। तर प्रार्थनाद्वारा र आफ्नो स्वार्थलाई परमेश्वरको इच्छामा सुम्पियो भने जीवनमा आउने जुनसुकै दनकसँग पनि सामना गर्न आवश्यक बल पाइनेछ भनेर येशूले खुलाइ दिनुभएको थियो।

जब तपाईं अर्को पल्ट पापको पासोमा फस्न लाग्नुभयो भने अदनको बगैंचामा आदम र हव्वाको जस्तो होइन तर येशूले गर्नुभएको अनुभवमा कसरी पस्न सक्नुहुन्छ? अदन र गेतसमनीको दुई अनुभवहरूमा के अत्यन्त उल्लेखनीय तत्व थियो जसले गर्दा ती दुईको बीचमा भारी अन्तर भएको थियो?

## २. येशूलाई अन्तर्घात गर्ने उहाँकै चेला यहूदा (लूका २२:३)

"अनि बाऱ्ह जना चेलाहरूमध्ये इस्कर्योती नाउँ गरेको यहूदाको दिमागभित्र शैतान पस्यो" (लूका २२:३ रूपान्तरित)। यथार्थमा येशूका सबै चेलाहरूले उहाँलाई धोका दिएर उहाँबाट फर्केर जाउन् भनेर शैतानले भरमग्दुर प्रयास गरेको थियो। तर यहूदाबाट उसले सफलता प्राप्त गरे। येशूलाई पछ्याउन  यहूदाको कुन् नियत कस्तो थियो जसले गर्दा शैतान सफल थियो?

आफ्ना चेलाहरूलाई नियुक्ति गर्नु भन्दा पहिले रातभरी येशू एक्लैले पहाडमा प्रार्थना गर्नेभएको थियो भनेर लूकाले बताउँछन् (लूका ६:१२-१६)। अनि मानविय अवतार लिनुभएको येशूले ती बाऱ्ह जना चेलाहरू परमेश्वरबाट पाएको उपहार हुन् भनेर बिश्वास गर्नुभएको थियो (यूहन्ना १७:६-९)। के उहाँको प्रार्थनाको प्रत्युत्तरमा यहूदा पनि परेको थियो त? दुष्ट नियत बोकेको यहूदाको सन्दर्भमा पनि परमेश्वरको योजना पूरा गर्न ऊ समाबेश भएको थियो भनेर कसरी बुझ्ने? (पावलले २ कोरन्थी १३:८मा भन्छन् "किनकि हामी सत्यको विरुद्धमा केही गर्न सक्दैनौं, केवल सत्यको निम्ति मात्र गर्न सक्छौं।")।

यहूदासँग धेरै क्षमता वा खुबीहरू थिए। उनी अर्को प्रेरित पावल हुनसक्थ्यो। तर उनी ठीक बिपरित दिशामा गयो। यहूदाले पनि गेतसमनीको अनुभव गर्नुपर्थ्यो होला तर त्यो अनुभवचाहिँ अदनको बगैंचामा जस्तो हुन पुगेको थियो। यहूदाको मामिलामा के गल्ती भयो?

"लोभ तथा लालचको नियतले यहूदालाई यस्तरी पक्रेको थियो कि उसको जीवनको लक्ष्य नै लोभी हुन पुगेको थियो। पैसाको लोभले उसमा भएको ख्रीष्टप्रतिको मायालाई ओझेलामा पारियो र असंतुलित व्यक्तित्व हुन पुग्यो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, ७१६बाट रूपान्तरित।

येशूले केवल पाँच वटा रोटी र दुई माछाले ५,०००लाई ख्वाउनुभएको थियो (लूका ९:१०-१७)। त्यस आश्चर्य कामको राजनैतिक मूल्यता बुझ्नेमा यहूदा पहिलो व्यक्ति थियो। त्यसकारण "येशूलाई जबरजस्ती बोकेर राजा बनाउने योजनामा अडिग हुन पुगेको थियो" द डिजाएर अभ एजेज, ७१८,७१९बाट रूपान्तरित। तर यहूदाको स्वार्थमय नियतलाई येशूले ठुकऱ्याइ दिनुभएको थियो जसले गर्दा उसलाई निराशमा पारेको थियो। "यहूदाको महत्त्वाकाँक्षा अत्यन्त ठूलो थियो। आफ्नो लक्ष्य पूरा गर्न नसक्दा उसको नैराश्यता तितो हुन पुगेको थियो।"- द डिजाएर अभ एजेज, ७१९बाट रूपान्तरित। सांसारिक धार्मिक राज्य स्थापना गर्न येशूले आफ्नो महान् शक्तिलाई प्रयोग गर्नु हुन्छ भन्ने कुरामा यहूदा विश्वस्त थियो। त्यस राज्यमा आफ्नो स्थान

सुरक्षित भएको यहूदा स्पष्ट रुपमा चाहन्थे। यो कस्तो दुःख लाग्दो थियो! संसारको राज्यमा आफ्नो भाऊ खोजेर आफ्नो पद वा मानमर्यादा सुरक्षित राख्न चाहने यहूदाले निश्चितरूपमा आउनेवाला अनन्त जीवनको राज्यमा आफ्नो स्थान गुमाउन पुग्यो।

त्यसपछि एक दिन येशूको एक जना परमभक्त मेरी मग्दलिनले अत्यन्त महँगो अत्तरले उहाँको खुट्टा धुन आएकी थिइ। त्यत्रो पैसा किन बेकारमा खर्च गरियो भनेर त्यही यहूदाले उनको आलोचना गरेको थियो (यूहन्ना १२:१-८)। यहूदाको आँखामा केवल पैसामात्र झुन्डिएको थियो र पैसाप्रतिको प्रेमले येशूप्रतिको प्रेमलाई पनि जितेको थियो। त्यही पैसा र शक्तिको महत्त्वाकाँक्षाले गर्दा स्वर्गबाट आएको अमूल्यको बरदानको मोल उसले टोक्न पुगेको थियो (मत्ती २६:१५)। त्यस दिनदेखि यहूदाभित्र शैतान पसेको थियो (लूका २२:३ रूपान्तरित)। र अनन्त जीवन लत्याउने प्राणीमा यहूदा गनिन पुग्यो।

मान, मर्यादा, पद, प्रतिष्ठा, धनसम्पत्ति, अधिकार आफै गलत छैन। तर परमेश्वरप्रतिको प्रेमभन्दा तिनीहरूलाई प्राथमिकता दियो भने त्यहाँ समस्या खडा हुन्छ। हामीहरूको दैनिक जीवन र हामीले सम्हालेको कुनै पनि पदहरू हामीहरूको निम्ति परिक्षाको घडी हो भनेर किन आत्मआलोचना गर्नुपर्छ जसले गर्दा हामी पनि यहूदा जस्तै स्वइच्छाले धोकामा नपरून्?

## ३. येशूको पक्षमा वा बिपक्षमा? मध्यम मार्ग छैन (लूका २३:३९-४३)

क्रुसले विश्वको इतिहासलाई ठूलो दुई टुक्रामा विभाजित गर्दछ। ऐतिहासिक परिप्रेक्ष्यमा मात्र नभएर यसले विश्वास वा अविश्वास, नास्तिक वा सृष्टिकर्ता परमप्रभु सनातन परमेश्वर पितालाई विश्वास गर्ने आस्तिक, येशूलाई अन्तर्घात गर्ने र सहस्रले अङ्गिकार गर्ने र अनन्त जीवन रोज्ने वा अनन्तको मृत्युलाई रोज्नेको बीचमा विभाजित गर्ने तत्वको रूपमा धरोहर भएर खडा भइरहेको छ। कुनै पनि मानिसलाई जब क्रुसको बारेमा आत्मज्ञान हुन्छ उसलाई मध्यम मार्ग रोज्न दिइएको हुँदैन। कि त हामी क्रुसको पक्षमा छौं कि त हामी क्रुसको विपक्षमा

छौं। त्यसले हाम्रो अन्तर निर्णयको मामिलालाई चुनौती दिइरहेको हुन्छ।

येशूले स्पष्ट रूपमा हामीहरूको हृदयलाई खोतलेर यो दावी गर्नुहुन्छ "जो मानिस मेरो पक्षमा छैन त्यो मानिस स्वःत मेरो विपक्ष वा विरुद्धमा हुन्छ। मसँग भेडाहरू जम्मा नगर्ने जो सुकै होस् त्यो तितर वितर हुनेछ" (मत्ती १२:३० रूपान्तरित)। येशूका ती शब्दहरू अत्यन्त निर्णायक र कडा छन्। त्यसले हामीलाई केही हदमा असजिलो पनि पार्दछ। तर यहाँ येशूले केवल उहाँ र शैतानको बीचमा भइरहेको महान् विवाद तथा तार्किक संग्रामको बिषयमा व्याख्या गरेर कुन् सत्य हो र कुन् असत्य हो भनेर हामीहरूको सामु सोझ्याइरहनुभएको छैन तर उहाँले हामीलाई यो निर्णय गर्ने हाँक दिनुहुन्छः हामी कि त येशूको पक्षमा जीवन यापन गरिरहेका छौं वा कि त शैतानको पक्षमा आत्मसमर्पण गरेर जीवन बिताइरहेका छौं।

देहायका अंशहरूमा केही मानिसहरूको बारेमा बताइएको छ। जब तिनीहरूले येशूसँग जम्का भेट भयो ती मानिसहरूले उहाँलाई कसरी लिए? परमेश्वरसँगको हामीहरूको सम्बन्धमा र क्रुसको मामिलामा हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ भनेर ती मानिसहरूबाट हामीले कसरी सिक्ने?

येशूलाई पक्रन सानहिद्रन अर्थात् यहूदी धर्मलाई रक्षा गर्ने परिषदका उच्च पदाधिकारीहरू आएका थिए। येशूकै वचनले तिनीहरूले के गल्ती गरिरहेका थिए भनेर देखाउँदछ? येशूको बिषयमा तिनीहरूले जुन फैसला गरे त्यही हामीले पनि नगर्न कसरी सतर्क हुने? हेर्नुहोस् लूका २२:५२,५३ "अनि उहाँको विरुद्धमा आएका मुख्य पूजाहारीहरू, मन्दिरका कप्तानहरू, र धर्म-गुरुहरूलाई उहाँले भन्नुभयो, "के तपाईंहरू डाँकूको विरुद्धमा आएजस्तै तरवार र लाठाहरू लिएर आउनुभयो? ५३ म दिनहुँ मन्दिरमा तपाईंहरूका साथमा हुँदा तपाईंहरूले मेरो विरुद्धमा हात उठाउनुभएन। तर अब तपाईंहरूको समय हो, र अन्धकारको शक्ति यही हो।"

रोमले खटाएको इस्रायलका पाश्चात्यमूलका बडा हाकिम पिलातुसको बारेमा सोच्नुहोस्। जब अतिवादी धर्मगुरूले येशूको खिलाफमा राता रात मुद्दा चलाएर उनलाई मृत्युदण्ड दिने फैसला गरेका थिए तब पिलातुसले येशूको बारेमा आफ्नो धारणा स्पष्टरूपमा यसरी व्यक्त गरेका थिए "यो मानिसमाथि त मैले केही पनि दोष भेट्टाइनँ (यूहन्ना १९:४ रूपान्तरित) र फेरि त्यसै वखत उहाँलाई क्रुसमा झुन्ड्याउन हुकुम दिए। पिलातुसलाई के उचित छ त्यो गर्नुपर्छ भन्ने विवेकले भनेतापनि त्यस विवेकलाई ठुक्राइदिएको थियो। त्यही हामीले पनि नदोहोऱ्याउन हामी कसरी सतर्क हुने? हेर्नुहोस् लूका २३:१-७, १३-२५ "१ सबै सभासद्‌हरू उठे, र उहाँलाई पिलातसकहाँ ल्याए। २ तिनीहरूले उहाँमाथि यसो भन्ने दोष लगाउन लागे, "यस मानिसले हाम्रो राष्ट्रलाई बहकाउन लागेको हामीले भेट्टायौं। यसले कैसरलाई कर तिर्नदेखि हामीलाई रोक्छ, आफैलाई चाहिँ 'म ख्रीष्ट, एक राजा हुँ' भनी भन्छ।" ३ पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" येशूले जवाफ दिनुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" ४ तब पिलातसले मुख्य पूजाहारीहरू र भीड़हरूलाई भने, "म यी मानिसमा केही दोष भेट्टाउँदिनँ।" ५ तर तिनीहरूले बड़ो जोड दिएर भने, "यसले सारा यहूदिया, र गालीलदेखि यस ठाउँसम्म शिक्षा दिएर मानिसहरूलाई भड्काउँदैछ।" ६ तर पिलातसले यो सुनेर, 'यो मानिस गालीलको हो कि' भनेर सोधे। ७ अनि उहाँ हेरोदको इलाकाका मानिस रहेछन् भन्ने थाहा पाएर पिलातसले उहाँलाई हेरोदकहाँ पठाइदिए। ती दिनमा हेरोद आफै पनि यरूशलेममा थिए।..... १३ तब पिलातसले मुख्य पूजाहारीहरू, शासकहरू, र जनतालाई जम्मा गरे। १४ उनले तिनीहरूलाई भने, "तिमीहरूले मानिसहरू भड्काउने भनी यिनलाई मेरो सामुन्ने ल्यायौ। तिमीहरूकै सामुन्ने केरकार गर्दा तिमीहरूले यिनमाथि लाएका अभियोगको दोषी भेट्टाइनँ। १५ हेरोदले पनि दोषी भेट्टाएनन्, किनभने तिनले यिनलाई हामीकहाँ नै फर्काइदिए। अब हेर, यिनले मृत्युदण्ड पाउने योग्यको कुनै काम गरेका छैनन्। १६ यसकारण म यिनलाई सजाय गरेर छोडिदिनेछु।" १७ चाड़को उपलक्ष्यमा तिनीहरूका

निम्ति पिलातसले एउटा कैदी छोडिदिनुपर्थ्यो।] १८ तिनीहरू सबै एकसाथ यसो भनेर कराए, "यसलाई हटाउनुहोस्, र हाम्रा निम्ति बारब्बालाई छोडिदिनुहोस्।" १९ बारब्बाचाहिँ सहरमा भएको कुनै विद्रोह र हत्याको अभियोगमा कारागारमा थुनिएको थियो। २० येशूलाई छोडिदिने इच्छा गरेर पिलातसले फेरि तिनीहरूलाई सम्झाए। २१ तर तिनीहरू यसो भन्दै चिच्च्याइरहे, 'क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्।" २२ अनि तिनले तेस्रो पल्ट तिनीहरूलाई भने, "किन? यी मानिसले के खराबी गरेका छन् र? मैले त यिनलाई मृत्युदण्ड दिने कुनै कारण भेट्टाइनँ, यसकारण म यिनलाई सजाय गरेर छोडिदिनेछु।" २३ तर तिनीहरूले ठूलो सोरले कराउँदै उहाँलाई क्रूसमा टाँग्नैपर्छ भन्ने माग गर्न लागे। तिनीहरूको चित्कार सफल भयो। २४ अनि पिलातसले तिनीहरूको माग पूरा गरिदिने फैसला सुनाए। २५ तिनले त्यस मानिसलाई छोडिदिए, जो विद्रोह र हत्याको अभियोगमा कारागारमा परेको थियो। त्यसैलाई छोडिदिनुहोस् भनेर तिनीहरूले माग गरेका थिए। तर येशूलाई चाहिँ तिनले तिनीहरूको इच्छामा सुम्पिदिए।"

अब हामीले यहूदी राजा हेरोदको बारेमा चर्चा गरौं। उनी यहूदी धर्मशास्त्रको ज्ञाता भएतापनि उनको ठूलो भुल के थियो? अनि उसबाट हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस् लूका २३:६-१२ "तर पिलातसले यो सुनेर, 'यो मानिस गालीलको हो कि' भनेर सोधे। ७ अनि उहाँ हेरोदको इलाकाका मानिस रहेछन् भन्ने थाहा पाएर पिलातसले उहाँलाई हेरोदकहाँ पठाइदिए। ती दिनमा हेरोद आफै पनि यरूशलेममा थिए। ८ अब येशूलाई देखेर हेरोद अत्यन्त खुशी भए। किनकि तिनले उहाँको विषयमा सुनेका हुनाले धेरै दिनदेखि उहाँलाई हेर्ने इच्छा गरेका थिए, र उहाँले केही आश्चर्य काम गर्नुभएको हेर्ने आशा गर्थे। ९ तिनले उहाँलाई धेरै प्रश्न गरे, तर उहाँले तिनलाई केही जवाफ दिनुभएन। १० मुख्य पूजाहारीहरू र शास्त्रीहरूचाहिँ खड़ा भएर उहाँलाई जोड़तोड़साथ दोष लाउन लागे। ११ हेरोदले आफ्ना सिपाहीहरूसँग मिली उहाँलाई तिरस्कारपूर्ण व्यवहार गरे, र उहाँको गिल्ला गरे।

त्यसपछि उहाँलाई रवाफिलो पोशाक पहिराएर पिलातसकहाँ फर्काई पठाइदिए। १२ त्यही दिन पिलातस र हेरोद दुवै आपसमा मित्र भए। किनकि अघि तिनीहरूका बीचमा वैरभाव थियो।"

येशूलाई क्रुसमा झुन्ड्याइएको बेलामा दुई जना डाँकाहरूलाई पनि दायाँ र बायाँ राखेर झुन्ड्याइको थियो। आफ्नो पिडामा तिनीहरुले येशूलाई दुई फरक ढङ्गमा सम्बोधन गरे। ती दुईमा एक जनाले येशूलाई विश्वास गरे भने अर्कोले विश्वास गरेको थिएन यद्यपि दुवै जनाको निम्ति येशू मर्नुभएको थियो। क्रुसको त्यस कष्टकर क्षणमा जुन् दृष्य भयो त्यसले कोही पनि मानिस मुक्तिको पक्षमा छ कि खिलाफमा छ भनेर कसरी भन्डाफोर गर्दछ? ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक संघर्षमा कि त येशूको पक्षमा कि त शैतानको पक्षमा हामी खडा भइरहेका हुन्छौं भनेर त्यस दृष्यले छर्लङ्ग देखाउँदछ।

## ४. येशू बौरि उठ्नुभयो ! (प्रेरित १:२२)

**आइतवारको एका बिहानै केही महिलाहरू एउटा उद्देष्य लिएर येशूको चिहानमा गएका थिए। येशूको मृत्युपछि उहाँलाई चिहानमा राख्ने काम सकाउन तिनीहरू त्यहाँ आएका थिए। तिनीहरूले येशूसँग केही समय बिताएका थिए। तर येशूको बारेमा के हुन्छ सो तिनीहरूले साँच्चिकै रूपमा बुझेका थिएनन्। तिनीहरूले रित्तो चिहानको अपेक्षा त गरेकै थिएन। अझ तिनीहरूले स्वर्गदूतहरूसँग जम्का भेट हुन्छ भनेर सपनामा पनि सोचेका थिएनन्। स्वर्गदूतहरू र रित्तो चिहान देखेर चकित भएका ती महिलाहरूलाई ती स्वर्गदूतहरूले सम्बोधन गरेका थिएः "उहाँ त यहाँ हुनुहुन्न। उहाँ त बौरि उठ्नुभइसक्यो!" (लूका २४:६ रूपान्तरित)।**

येशूको पुनरुत्थानको बिषयमा गरिएको चर्चा प्रेरितको पुस्तकको प्रथम् केही अध्यायहरूमा मात्र कमसेकम आठ पल्ट गरिएको छ। प्रेरित १:२२, २:१४-३६, ३:१४,१५, ४:१,२,१०,१२,३३ र प्रेरित ५:३०-३२। चर्चको सुरूवातमा येशूप्रति आस्था जगाउन प्रेरितहरूको निम्ति येशूको पुनरुत्थान अत्यन्त महत्त्व किन थियो? इसाई जगतमा अझै पनि उहाँको पुनरुत्थानले किन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ?

हेर्नुहोस् ती पदहरू: "२१ यसैकारण हाम्रा साथमा रहने मानिसहरूमध्ये यस्तो एक जना छान्नु आवश्यक छ, जुन व्यक्ति प्रभु येशू हाम्रा बीचमा रही भित्र-बाहिर गर्नुहुँदा सधैं हामीसँग थियो, २२ अर्थात् यस्तो व्यक्ति जो यूहन्नाको बप्तिस्मादेखि लिएर उहाँ हामीबाट उँभो लगिनुभएको दिनसम्म हामीसँग थियो। त्यो मानिस हामी सँगसँगै उहाँको पुनरुत्थानको साक्षी हुनुपर्छ।" प्रेरित १:२१-२२, "१४ तर पत्रुसले एघार जनासँग खड़ा भएर उच्च सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईंहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्। १५ किनभने तपाईंहरूले ठान्नुभएझैं यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ। १६ तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, १७ 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्। १८ हो, म आफ्ना सेवक-सेविकाहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। १९ माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। २० परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। २१ अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।' २२ "इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो। तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो। २३ परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो। २४ उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको

अधीनमा उहाँ भइरहनु असम्भव थियो, २५ किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई सधैं मेरो सामने देखें, नभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ। २६ यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो। यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। २७ किनकि तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। २८ तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ।' २९ "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। ३० यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ। ३१ अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो। ३२ यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। ३३ यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' ३६ "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" प्रेरित २:१४-३६, "१४ तर तपाईंहरूले पवित्र र धर्मी जनलाई अस्वीकार गरिकन एक जना ज्यानमारालाई छोडिदिने माग गर्नुभयो, १५ र जीवनका कर्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई परमेश्वरले मृतकबाट बिउँताउनुभयो, हामी यसका साक्षी छौं। प्रेरित ३:१४-१५, "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए,

पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए।... १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ 'यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।' १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।... ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो।" प्रेरित ४:१-२, १०-१२,३३, र "२९ तर पत्रुस र प्रेरितहरूले भने, "हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।" प्रेरित ५:२९-३२।

**येशूको पुनरुत्थानको प्रत्यक्ष्यदर्शीहरूमा महिलाहरू थिए। जब तिनीहरूले येशूको पुनरुत्थान भए तब तिनीहरूले त्यस शुभसमाचार बन्द कोठाभित्र डर र अन्यौलतामा येशूका चेलाहरूलाई बाँड्न तिनीहरू हस्याङ्ग फस्याङ्ग गर्दै पुगेका थिए। तर जब तिनीहरूले येशूको पुनरुत्थानको समाचार सुने "ए, त्यो त आइमाईहरूको कुरो हो" भनेर विश्वास गरेनन् (लूका २४:११)। संसारको इतिहालाई उठलपुठल पार्ने अत्यन्त महान् घट्ना त ठकित र शोकमा डुवेका महिलाहरूको काल्पनिक कथाहरू हुन् भनेर ती चेलाहरूले ठानेका थिए (लूका**

२४:१०,११)। तर तिनीहरूले तुरुन्तै तिनीहरूको अनुमान गलत भएको भेट्टाएका थिए।

मानिसलाई मुक्ति दिने योजनामा, इसाई आस्थामा र येशूभक्तको जीवनमा येशूको पुनरुत्थान परमेश्वरको योजनाको अत्यन्त उल्लेखनीय मानिन्छ। प्रेरित पावलले त्यस मामिलामा स्पष्ट गरि भन्छन् “यदि ख्रीष्टको पुनरुत्थान भएन भने हामीहरूको प्रचारको कुनै औचित्य हुँदैन न त तिमीहरूको आस्था" (१ कोरन्थी १५:१४ रुपान्तरित)। हो, हामीहरूको आशा केवल ख्रीष्टको पुनरुत्थानमा मात्रै पाइने भएकोले उहाँको पुनरुत्थान भएन भने हामीहरूको विश्वास बेकारको हुन्छ। त्यस आशाबिना हामीहरूको जीवनको अन्त्य यसै संसारमा हुन्थ्यो र अनन्त जीवनको पनि केही अर्थ हुने थिएन। येशू ख्रीष्टको जीवन चिहानमा अन्त भएन, जसको फलस्वरुप हामीहरूको जीवन पनि चिहानमा अन्त हुने छैन भनेर महान् प्रतिज्ञा हामीलाई प्रदान गरिएको छ।

“यदि ख्रीष्ट मृत्युबाट बौरि उठ्नुभएको थिएन भने परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गर्ने लामो इतिहास पनि अनर्थ वा चिहानमै अन्त्य हुने थियो। यदि ख्रीष्टको पुनरुत्थान असत्य भएको भए परमेश्वर जीवित परमेश्वर हुनुहुन्छ भन्ने विश्वाको पनि कुनै औचित्य हुने थिएन, उहाँका प्रतिज्ञाहरूमा झुन्डिएर बस्नु र उहाँकै आशामा बाँच्नुको पनि केही अर्थ हुने थिएन। मानिसले बुझ्नैकै कुरो हो कि मानिसको मृत्युमा नै अन्तिम शब्द बोलिन्छ। येशूलाई परमेश्वर भनेर विश्वास गर्नु पनि बेकार हुनेछ यदि उहाँले आफूलाई जीवनको प्रभु भनेर प्रमाणित गर्नुभएन भने। उहाँको पुनरुत्थानबिना इसाई हुनुको लक्ष्य पनि बेकारको हुने थियो। यदि ख्रीष्ट मरेर चिहानमै परिरहेको भए परमेश्वर ख्रीष्टमा हुनुहुन्छ भन्ने उत्कृष्ट उदाहरण पनि चिहानमै बिलाएर गइन्थ्यो र साथै इसाई आस्थापनि चिहानमै बन्धक भएर बसिन्थ्यो होला।"-जर्थ लाडद्वारा लिखित अ थियोलोजी अभ द न्यु टेस्टामेन्ट (ग्रान्ड रापिडस्: विलियम बी, बर्डमानस्, १९७४), पृ. ३१८बाट रूपान्तरित।

## ५. "सबै कुरोहरू पूरा हुनै पर्छ" (लूका २४:१३-४९)

येशूको पुनरुत्थानको लगत्तै पछि के भयो भनेर लूका २४:१३-४९मा वर्णन गरिएको छ। त्यहाँ येशू र चेलाहरूको बीचमा जुन् कुराकानी भयो त्यसमा येशूले तिनीहरूलाई आफ्नो बारेमा बुझाउन के प्रयोग गर्नुभयो? आज पनि हामीले दिने येशूको बारेमा गवाहीमा त्यो प्रयोग गर्न किन अत्यन्त जरुरी ठान्नुपर्छ? हेर्नुहोस्: "१३ त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। १४ घटेका सबै घटनाहरूबारे तिनीहरू आपसमा बातचित गर्दैथिए। १५ तिनीहरू आपसमा बातचित गर्दै र बहस गरिरहेको बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, १६ तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। १७ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू हिंड्दै आपसमा के बहस गरिरहेका छौ?" तिनीहरू उदास भएर टक्क अड़िए। १८ ती दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "यरूशलेम घुमफिर गरी आउने भएर पनि हिजोआज त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन?" १९ उहाँले तिनीहरूलाई सोध्नुभयो, "कुन कुरा?" तिनीहरूले जवाफ दिए, "येशू नासरीको बारेमा, उहाँ एक जना अगमवक्ता हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो। २० तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र उहाँलाई क्रूसमा टाँगे। २१ इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिं आशा गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज तेस्रो दिन हो। २२ यसबाहेक हामी मध्येका कोही-कोही स्त्रीहरूले हामीलाई चकित बनाएका छन्। तिनीहरू आज बिहान सखारै चिहानमा गए, २३ र येशूको शरीर भेट्टाएनन्। तिनीहरूले आएर हामीहरूलाई सुनाए, 'हामीले स्वर्गदूतहरूलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने।' २४ हामीहरूमध्येका कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर उहाँलाई चाहिं देखेनन्।" २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त

भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के
ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक
थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले
धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई
खोलिदिनुभयो। २८ तिनीहरू जुन गाउँमा गइरहेका थिए त्यसको
नजिकै पुगे। उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो। २९ तर
तिनीहरूले उहाँलाई यसो भनेर कर लाए, "हामीसँगै बस्नुहोस्, किनकि
साँझ पर्न लाग्यो, र दिन धेरै ढल्किसकेको छ।" अनि उहाँ तिनीहरूसँग
बस्नलाई घरभित्र पस्नुभयो। ३० जब येशू तिनीहरूसँग खान बस्नुभयो
उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिन
लाग्नुभयो। ३१ तब तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई
चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो। ३२
तिनीहरूले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा, र
हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित
भएको थिएन र?" ३३ तिनीहरू त्यति नै बेला उठेर यरूशलेममा फर्के,
र एघार चेला र तिनीहरूसँग जम्मा भएकाहरूलाई भेटे, ३४ र
तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र
सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।" ३५ तिनीहरूले बाटोमा भएका
कुराहरू र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने, सो
बताइदिए। ३६ तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा
खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" ३७ तिनीहरू
तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। ३८
तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र
तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? ३९ मेरा हात र मेरा
पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन,
तर तिमीहरू देख्छौ, मेरा त छन्।" ४० यसो भन्नुभएपछि उहाँले
तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। ४१ तर खुशीले पत्यार
गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के
तिमीहरूसित यहाँ केही खानेकुरो छ?" ४२ तिनीहरूले पकाएको

माछाको एक टुक्रा उहाँलाई दिए। ४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो। ४४ उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।” ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, “यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।”

**येशू नै परमेश्वरले पठाउनुभएको मसीह वा उद्धारकर्ता हुनुहुन्छ भन्ने एथेष्ठ प्रमाण उहाँको पुनरुत्थान हुनुपर्थ्यो। येशूलाई निर्ममतापूर्वक पिटेर सास्ती दिएर क्रुसमा टाँगिएर मारेपछि उहाँलाई कपडाले बेरेर चिहानमा राखिएको थियो। क्रुर पिटाइको मारमा परेर, रगतै रगतले ढाकिएको कमजोर भएरको येशू क्रुस र चिहानबाट लर्खराउँदै निस्कनुभयो भने उहाँ बिजयी मसीह भन्ने कुरो कस्को लागि मूर्खता हुँदैन र?**

**तर येशू जीवित हुनुहुन्थ्यो र सुस्वास्थमा हुनुहुन्थ्यो। धेरै किलोमिटरसम्म इम्मायुसको बाटोमा दुई जना चेलाहरूसँग कुरा गर्दै फताफत हिँड्नुभएको थियो। आफ्नो असली पहिचान दिनुभन्दा पहिले येशूले पवित्र धर्मशास्त्र बाइबललाई औँल्याउनुभएको थियो। उहाँमाथि विश्वासको जग बसाल्न दिन उहाँले बाइबललाई नै अटल आधार बनाउनुभएको थियो।**

**अनि येशू चेलाहरूको माझमा बन्द कोठाभित्र मानविय शरीरकै रूप लिएर अचानक देखा पर्नुभयो। येशूलाई प्रेत भनेर डरले थरथर काँपिरहेका चेलाहरूको सामुन्ने आफू प्रेत होइन वास्तविक नै हुनुहुन्छ भनेर तिनीहरूसँग खाना पनि खानुभयो। अझ त्यो भन्दा बेसीचाहिँ उहाँले**

तिनीहरूलाई परमेश्वरको वचनतर्फ औँल्याउनुभयोः “यसरी यो लेखिएको छ “ख्रीष्टले कहाकष्ट भोग्नु पर्छ। तेस्रो दिनमा उनी बौरि उठ्नेछन्। उहाँका चेलाहरूले उहाँको बारेमा प्रचारप्रसार गरिनेछन्। तिनीहरूले अरूहरूलाई तिनीहरूको पापबाट फर्क भनेर आह्वान गरिनेछन् र तिनीहरूको पापलाई क्षमा दिइनेछ। यरुशलेमदेखि लिएर प्रत्येक राष्ट्रका मानिसहरूले त्यो कुरा सुन्नेछन्। ती कुराहरूको प्रत्यक्ष्यदर्सी तिमीहरू नै हौ।" (लूका २४:४६-३८ रूपान्तरित)।

आफ्नो शारीरिक अवस्थाले तिनीहरूको सामु आफू जीवित भएको प्रमाण दिनुको साथै उहाँले बाइबललाई औँल्याउनुभएको थियो। बाइबललाई नै प्रयोग गरेर उहाँलाई ठ्याक्क के भयो भनेर तिनीहरूलाई बुझाउन खोज्नुभएको थियो। यहाँ आफ्नो पुनरुत्थानलाई सारा संसारमा सुसमाचार सुनाउने लक्ष्यसँग सिधै जोड्नुभएको थियो।

आफू को हो भनेर सबैतर्फबाट बेजोड र कडा प्रमाण दिनुभएतापनि उहाँले आफ्ना चेलाहरूलाई जहिले पनि बाइबललाई नै उदृध गरेर त्यसको गरिमालाई औँल्याउनुभएको थियो। हो, अहिले पनि परमेश्वरको वचन हाम्रो साथमा नभएको भए सारा संसारमा गएर सुसमाचार प्रचार गर्ने हामीहरूलाई गरेको आह्वान र दिएको लक्ष्यलाई हामीहरूले कसरी थाहा पाउने? असली अर्थमा सुसमाचार भनेको के हो भनेर हामीले कसरी थाहा पाउने? त्यसकारण येशू र उहाँका चेलाहरूलाई बाइबलको गरिमा जतिको थियो त्यति नै आज पनि हामीलाई छ।

बाइबलसँग तपाईं कतिको समय बिताउनुहुन्छ? तपाईंको जीवनमा, तपाईंले गर्ने निर्णयहरूमा र अरूलाई तपाईंले गर्ने व्यवहारमा बाइबलले तपाईंलाई कतिको प्रभाव पारिरहेको छ?

## उपसंहारः

थप जानकारीः "ख्रीष्टको मृत्युको गरिमालाई सन्त र चेलाहरूले देख्नेछन्। संसारको स्थापना गर्नुभन्दा पहिले मारिएको थुमाबिना पापी मानिसहरू परमेश्वरको स्वर्गको घरमा आफ्नो घर ठान्नेछैनन्। त्यसकारण के हामीले ख्रीष्टको क्रुसको महिमा र सम्मान् नगरौं त?

स्वर्गदूतहरूले उहाँको सम्मान गर्दछन्, उहाँको महिमा गर्दछन्। परमेश्वरको पुत्रको कष्टलाई देख्न सकेन भने स्वर्गदूतहरू पनि सुरक्षित हुने छैन भनेर तिनीहरूले महसुस गरेका हुन्छन्। क्रुसको शक्तिले काम गरिरहेकोले नै स्वर्गका स्वर्गदूतहरू पतित हुनुबाट र लड्नबाट सुरक्षित राखिएको छ। क्रुसबिना स्वर्गदूतहरू दुष्टबाट सुरक्षित हुने थिएन जसरी शैतानको पतनभन्दा पहिला तिनीहरू सुरक्षित थिएनन्। स्वर्गदूतहरूको सिद्धता तथा परिपक्वता स्वर्गमा पनि असफल भएको थियो। सिद्ध आनन्दमय र आशिषमय वातावरण भएको अदनको बगैंचामा मानिसको सिद्धता वा परिपक्वताले फेल खाएको थियो। सबै जना जो शैतानको जालझेल र धरापबाट स्वर्ग र पृथ्वीमा सुरक्षित हुन चाहन्छ, तिनीहरूले परमेश्वरको थुमालाई हेर्नैपर्छ।"-एलेन जी ह्वाइट, *द एसडिए कमेन्टरी,* ठेली ५, पृ. ११३२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. येशूका भक्त भएका हुनाले हामी उहाँमाथि विश्वास गरेरमात्रै जिउनुपर्छ। अहिले नै हामीले सबै प्रमाण गर्न नसकेतापनि कतिपय कुराहरूलाई विश्वास गर्नुपर्छ। येशूका चेलाहरू जस्तै हामी सिधै प्रत्यक्ष्यदर्शी होइनौं। तर त्यस मामिलामा मात्र होइन मानिसहरूले कतिपय कुराहरू नदेखेतापनि विश्वास गर्न वाध्य नै भएको पाउँछौं। विज्ञानको पुस्तकमा एक जना लेखकले लेखेका थिए "सारांशमा भन्ने हो भने हामीले विश्वास गरेको कतिपय कुराहरूमा केवल थोरैमात्र प्रमाणित गरेर देखाउन सक्छौं।" रिचार्ड डिविट्ट, वर्ल्ड भ्युः आन इन्ट्रोडक्सन टु द हिस्ट्री एन्ड फिलोसोफी अब साइन्स, दोस्रो संस्करण, २०१०, पृ. १५बाट रूपान्तरित। तर हामीहरूको आस्था र विश्वासका असल कारणहरू धेरै धेरै छन्। आफ्ना चेलाहरूलाई दिएका महान् आदेशको बारेमा सोच्नुहोस्: "राज्यको यो सुसमाचार साक्षीको रूपमा सारा संसारमा सुनाउनेछ र अनि अन्त्य हुनेछ।" (मत्ती २४:२४ रुपान्तरित)। येशूले ती वचनहरू भन्नुभएको समयको बारेमा

सोच्नुहोस्। त्यसबेला उहाँका चेलाहरूको संख्या कति ठूलो थिए? त्यसबेला उहाँलाई कतिजनाले विश्वास गरे वा उहाँको बारेमा कतिजनाले बुझ्न सके वा उहाँले के गर्नुहुनेछ सो कतिजनालाई थाहा थियो त? रोमी साम्राज्यमा सयौं वर्षसम्म सुरूका इसाईहरूले भोग्नुपरेको संघर्ष र सतावतको सामना गर्नुपरेको पनि सोच्नुहोस्। ती सबै कुराहरूलाई मध्य नजरमा राखेर येशूका अचम्मका भविष्यवाणीहरूको बारेमा पनि चिन्तन गर्नुहोस्। तिनीहरूले गर्दा परमेश्वरको वचनमाथि किन भरोसा राख्नुपर्छ भनेर पनि सोच्नुहोस्।

एलेन जी ह्वाइटले व्यक्त गरेका अभिव्यक्तिलाई पनि गहिरिएर सोच्नुहोस्। जगतव्यापी पापको सत्यता कस्तो थियो भनेर त्यस उद्गारले हामीलाई बुझाउन कसरी सहयोग गर्दछ? येशूलाई नहेरिकन स्वर्गदूतहरू पनि सुरक्षित छैन रे! त्यसको अर्थ के हो?